राजस्व न्यायाधिकरण काठमाडौं
इजलास
माननीय अध्यक्ष श्री किशोर सिलवाल
राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
लेखा सदस्य श्री डम्बर बहादुर कार्की
फैसला

२०७५।०७६ सालको निर्णय नं. १२८

पुनरावेदन नं. ९७–०७४-RB-०००१

मुद्दाः– आयकर (२०६७/०६८) ।

काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ३१ कमलादीस्थित बैंक अफ काठमाडौ लिमिटेड (स्थायी लेखा नं. ५०००४९२५५) को तर्फबाट अधिकार प्राप्त ऐ. का प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठ...१ } पुनरावेदक

विरुद्ध

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...................................... १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री दिपक घिमिरे, श्री लक्ष्मी सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः ×

<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री शंकर प्रसाद खरेल

शुरु कर्यालयको निर्णय मितिः–२०७१/१०/२९

<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुँडामणि शर्मा

निर्णय मितिः २०७३।१२।२

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७१।१०।२९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता बैंक अफ काठमाडौ लिमिटेडले आ.व. २०६७/०६८ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ८६३१५४२०१।- देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६८/०९/२७ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०६७/०६८ को आय विवरण यस कार्यालयबाट कर परीक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त कागजातको अध्ययन, छानविन तथा हिसाव किताबको आधारमा गर्दा आयकर ऐन २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को

दफा ९०(८) र १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७१/१०/०२ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/१०/०२ मा जारी भएको सूचना करदाताले मिति २०७१/१०/०४ मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७१/१०/०४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१/१०/१५ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०६७/०६८ को लागि करयोग्य आय देहाय अनुसार रु. ८७,८१,२८,१४९।२३ करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गर्ने गरी सोही ऐनको दफा १०२ बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/१०/२९/५ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१/१०/२९ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी बैंक अफ काठमाडौ लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/१२/३० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. निवेदक बैंकको बण्ड प्रिमियम खर्च कट्टि आयकर ऐन २०५८ को दफा १३ को व्यवस्था अनुरुप नै नदिने निर्णय भएको, बैंकका कर्मचारीलाई दिइएको सवारी साधनमा ह्रास खर्च कट्टि नपाउने, कर र्खच तथा विमा खर्च नपाउने, ह्रास खर्च रकम भन्दा बढी खर्च कट्टि दावी गरेकोमा आयकर ऐनको दफा १९ बमोजिम दिन नमिल्ने, कम्पनीले लाभांस रकमलाई कूल मुनाफामा समावेश गरी बोनस खर्च दावी गरेकोमा ऐनको दफा ९२(१)क अनुसार अमान्य गरेको, ऐनको दफा १२०(क) बमोजिमको शुल्क दफा ११९ को व्याज लगाउने, Swift Reuters and Vibs सेवाको भुक्तानीमा ऐनको दफा ८८(१) बमोजिम अग्रिम कर कट्टि गर्नुपर्ने महिला कर्मचारीलाई लाग्ने करमा १० प्रतिशत छुट सुविधा दिएको समेत नमिलेको भनी ऐनको दफा ११९ को व्याज र १२० (क) बमोजिमको शुल्क दाखिल गर्न लगाउने गरी शुरु कार्यालयबाट भएको निर्णय कानून सम्मत देखिंदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/१२/२/४ मा भएको निर्णय ।

८. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको मिति २०७१।१०।२९ मा भएको संशोधित कर निर्धारण आदेश तथा सोसँग सम्बन्धित मिति २०७१।१०।२९ को निर्णय पर्चा र अन्य सम्बन्धित प्रतिवेदन, सूचना तथा निर्णयहरु एवं सोलाई सदर गर्ने गरी भएको विभागका महानिर्देशकको मिति २०७३।१२।२ गतेको निर्णय पर्चा कर कानून, अन्तर्राष्ट्रिय कर, लेखा तथा न्यायको सर्वमान्य सिद्धान्त विपरित हुने गरी भएको निर्णय बदर/उल्टी गरी हामी करदाताको पुनरावेदन जिकिर अनुसारको करयोग्य आय तथा खर्च कट्टि मान्य गरी पाउँ । साथै मनोमानी ढंगबाट माग भएको व्याज, शुल्क तथा जरिवानाबाट मुक्त गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/४/९ मा पुनरावेदन पत्र दर्ता भएको ।

९. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०३/१४/५ मा भएको आदेश ।

ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता लक्ष्मी सापकोटा र दिपक घिमीरे द्धयले ATM,LOcker,Generator जस्ता बैकिंग कार्यमा दैनिक उपयोग हुने उपकरणहरु सम्पति समूह (ख) मा पर्ने भै आयकर ऐन,२०५८ को दफा १९ अनुसूची २ बमोजिम ह्रास खर्च दावी गरिएको र सम्मानित सर्वोच्च अदालतबाट उक्त तथ्यहरूमा करदाताको पक्षमा फैसला समेत भैसकेकाले सोही बमोजिम सम्पति समूह कायम हुनेगरी प्रत्यर्थीको निर्णय बदरभागी छ। साथै विकास ऋणपत्र खरीदमा तिरेको प्रब्याजी (Premium) रकम खर्च परिसोधन (Amortization) कट्टा गर्न पाउने कानूनी ब्यबस्था भएकोले प्रत्यर्थीको खर्च दावी अमान्य गरेको निर्णय समेत कानून विपरीत रहेको छ । Own your vehicle Scheme (OYVS) अन्तर्गत खरीद भएका सवारी साधनहरु ब्यबसायकै नाममा रहने, ब्लु बुक लगायतका कागजातमा ब्यबसायकै स्वामित्व देखिने, कर्मचारीले कार्यालय प्रयोजन सहित आफ्नो काममा प्रयोग मात्र गर्ने, कर्मचारीको स्वेच्छाले नभई संस्थाको निर्णयले मात्र सवारी साधन उपयोग गर्न सकिने भै ब्यबसायकै सवारी साधन भएको हुँदा सो को ह्रास खर्च, कर शुल्क एवं बीमा समेत ब्यबसायकै खर्चमा पर्ने भै सो खर्च कट्टी दावी कानून बमोजिम

भएकाले करदाताले खर्च कट्टी पाउनु पर्दछ । पछि निसर्ग समेत ब्यबसायकै निर्णय बमोजिम मात्र हुने हुँदा स्वामित्व र प्रयोगमा रहेको स्थायी सम्पतिको ह्रास खर्च, बीमा शुल्क र कर तिरेको खर्च अमान्य गर्नु कानून विपरीत भएकाले बदरभागी छ । त्यसैगरी कानून बमोजिम वितरण गर्न छुट्याएको बोनसलाई समेत अमान्य गर्नेगरी भएको कर निर्धारण आदेश सरासर कानून विपरीत भएकाले बदरभागी छ भन्नुभयो ।

१२. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान सरकारी वकिल नगेन्द्र लम्सालले OYVS सम्बन्धमा यस भन्दा पहिले यसै इजलासबाट धेरैवटा मुद्दा फैसला भैसकेको हुँदा यस विषयमा थप जिकीर गरिरहन परेन । विकास ऋणपत्र खरीदमा तिरेको प्रब्याजी (Premium) रकम खर्च कट्टा गर्न पाउने कानूनी ब्यबस्था नरहेकोले यस्तो सम्पतिमा तिरेको सबै रकम पूँजीकृत गरी निसर्गको समयमा हुने नाफा – नोक्सान बमोजिम हिसाब मिलान गर्नुपर्ने भएकाले प्रत्यर्थीले खर्च दावी अमान्य गरेको निर्णय समेत कानून सम्मत रहेको छ भन्दै लाभांश समेत जोडी बोनस हिसाव गणना गरेको प्रचलित कानून विपरीत भएकोले तत् तत् विषयहरुमा कर, जरिवाना र शुल्क लगाउने गरी भएको निर्णय कानून सम्मत र वस्तुगत भएको हुँदा सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो ।

१३. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी मिसिल संलग्न फायल कागजात अध्ययन गरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी हेर्दा पुनरावेदन जिकिर विषयगत बुँदाहरूका आधारमा निम्नानुसार देखिन आयो —–

१४. **<u>विकास ऋणपत्रको सम्बन्धमा</u>**

विकास ऋणपत्रको premium लाई Amortize गरी खर्च लेखेको सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ ले व्यवसायको सम्पत्तिलाई व्यापारिक मौज्दात, व्यवसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति एवं गैर व्यवसायिक सम्पत्तिको रुपमा वर्गिकरण गरेको छ। करदाताले खरिद गरेको विकास ऋण पत्र (Bond) आयकर ऐन, २०५८ को दफा २ खण्ड (क ट) अनुसार व्यवसायिक सम्पत्ति अन्तर्गत पर्ने देखिन्छ । यस किसिमका सम्पत्ति खरिद गर्दा भुक्तानी गरेको सम्पूर्ण रकम सोही सम्पत्तिको लागतमा समावेश गर्नुपर्दछ।आयकर ऐन २०५८ को दफा १९ अनुसूची २ मा वर्गिकृत सम्पत्तिहरुको ह्रास रकम यकिन गरी खर्च दावी गर्न पाउने व्यवस्था गरेको छ।तर व्यवसायिक

सम्पत्तिको हकमा निसर्ग गर्दाको समयमा नाफा भए आम्दानी र नोक्सान भए सो हदसम्मको रकम खर्चका रुपमा लेखांकन गर्न पाउने स्पष्ट प्रावधान आयकर ऐन २०५८ को परिच्छेद ८ मा उल्लेख भएको देखिन आयो । पुनरावेदकले व्यावसायिक सम्पत्ति खरिद गर्दा गरेको खर्च कट्टी लिएको तथ्य प्रचलित आयकर ऐन, २०५८ विपरीत भएको हुँदा शुरुको निर्णय मिलेकै देखिन आयो।

(क) **Own your vehicle scheme का सम्बन्धमाः-**

बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार Possession Right सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

क) ह्रास खर्च कट्टी दावीः- आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची - २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो ।

ख) बीमा खर्चः- माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

ग) सवारी साधन करः- माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१५. **ATM Machine र Generator को ह्रास खर्च सम्बन्धमाः-** बैंकको मुख्य कार्यसँग सम्बन्धित मेशिनरी औजार भएकाले समूह "घ" मा समूहिकरण गरी ह्रास कट्टी खर्च कायम गर्ने गरी संशोधित कर निर्धारण आदेशको निर्णय हुने गरेको र साविकमा राजस्व न्यायाधिकरण काठमाडौंबाट सोही मुताविक समूह 'घ' नै कायम रहने गरी फैसला हुँदै आएकोमा सर्वोच्च अदालतबाट मुद्दा नं. ०७३-RB-०१४६, मिति २०७४।७।१४ मा ती मेशिनरी औजारहरु समूह "ख" मा नै समूहिकृत हुनुपर्ने भनी फैसला समेत भएकाले सोको आधारमा सम्पत्ति समूहिकरण सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७१।१०।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय सो हदसम्म मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ ।

१६. **लाभांस आम्दानीको वोनस व्यवस्था खर्चः–** करदाताले यस आय वर्षमा नाफा नोक्सान हिसावमा अन्तिम रुपमा करकट्टी भै आएको रकम समेत गणना गरी वित्तीय विवरण पेश

गरेको देखिन्छ । पुनरावेदकले अन्तिम रुपमा कर कट्टी भै आएको रकम अलग गरी कर गणना गरिसकेको र यसमा अन्यथा जिकिर लिएको पनि देखिएन । आयकर ऐन २०५८ को दफा ९२ (१)(क) मा वासिन्दा कम्पनीले भुक्तानी गरेको लाभांस रकम भुक्तानीकर्ताले अग्रिम कर कट्टि गरी भुक्तानी गरेकोले अन्तिम रुपमा कर कट्टि हुने भुक्तानी मानिएको छ । अग्रिम कर कट्टि रकम दाखिला भै सकेपछि प्राप्त भुक्तानी रकमका सम्बन्धमा कर दायित्व पुरा भएको मानिने कानूनी व्यवस्था दफा ९२(२) मा देखिन्छ । पुनरावेदकले अन्य निकायमा लगानी गरी प्राप्त गरेको लाभांश आय पनि यसै कानूनी व्यवस्था अनुसारको भएको पाइन्छ । यसरी प्राप्त हुने रकममा पुन आयकर तिर्नु पर्ने कानूनी व्यवस्था रहे भएको पाइदैन । लाभांस रकम व्यवसायको आयमा समावेश गरी कर तिर्नु नपर्ने आय भएकोले सो रकमको वोनस खर्च कट्टि गर्न पाउनुपर्छ भन्न मिल्ने नदेखिंदा वोनस गणना गर्ने प्रयोजनका लागि नाफा नोक्सान खातामा सो रकम समेत समावेश गरी वोनस व्यवस्था गर्दा वास्तविक पाउने बोनस खर्च भन्दा बढी दावी हुन जान्छ। तसर्थ वोनस ऐन, २०३० अनुसार खुद नाफाको दश प्रतिशत वोनस वितरण गर्न पाउने व्यवस्था रहेको देखिन्छ । खुद नाफा भनेको कर लाग्ने कर योग्य आय हो। कर तिर्नु नपर्ने रकम भनेको निकायको रिजर्भमा रहने हुँदा कर्मचारीलाई वोनस वितरण गर्न मिल्ने देखिएन । खूद नाफा रकमको १० प्रतिशत मात्र वोनस ब्यबस्था वापत खर्चको रुपमा मान्यता दिएको कानूनसम्मत भएको देखिदा बढी खर्च दावी रकम अमान्य गरेको शूरुको निर्णय मिलेकै देखिन आयो ।

१७. <u>अग्रिम करतर्फ</u>

<u>(क) SWIFT सेवामा कर कट्टी सम्बन्धमा-</u>

पुनरावेदकले SWIFT, Reuters and Vibs सेवामा भुक्तानी गरेको रकमको सम्बन्धमा नेपालमा आयका श्रोत नरहेका रकमको भुक्तानीमा कर कट्टी गर्न नमिल्ने भनी जिकिर लिएको भएतापनि आयकर ऐन, २०५८ को दफा ६७(६)(ज) र (झ)(१) ले गरेको व्यवस्था बमोजिम तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रहजस्ता सञ्चारको माध्यमबाट खबर वा सूचना सम्प्रेषण गर्ने व्यवसाय सम्प्रेषण गर्ने व्यक्तिले त्यस्ता खवर वा सूचना नेपालमा उत्पति भएको वा नभएको जे भएपनि नेपालमा स्थापित संयन्त्रहरुबाट खबर वा सूचनाको संप्रेषणका सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको भुक्तानी नेपालमा श्रोत रहेको भुक्तानी हुने र त्यस्तो भुक्तानीको स्थान जहाँसुकै भएपनि नेपालमा सो कार्यहरु भएमा त्यस्ता भुक्तानीहरुको स्रोत पनि नेपालमा नै रहेको मानिने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रस्तुत विवादलाई हेर्दाः सेवा प्रदान गर्ने संयन्त्रहरुको कुनै अंश अन्य मुलुकहरुमा अवस्थित भएपनी SWIFT जस्ता सेवा प्रदान गर्न सम्झौता गरी कारोवार

गरेको, सो सेवा Software को माध्मबाट संचालन भएको, सो Software संचालन गर्न सेवा प्रदायक कम्पनीबाट License, Password, User Id वा Code आदि लिएर कारोवार गरेको, सेवा प्राप्त गर्नको लागी आवश्यक इन्टरनेट सेवा नेपालकै इन्टरनेट प्रदायकबाट प्रात गरेको, SWIFT जस्ता सेवा प्रदान गर्नको लागी आवश्यक पर्ने कम्प्युटर, मोडेम लगायतका संयन्त्रहरु नेपालमै जडान भएको तथा सेवासँग आवद्ध व्यक्ति तथा निकाय नेपालमा रहेका र सेवाको उपलब्धता समेत नेपालमा भएकोले सेवा वापतको भुक्तानीको श्रोत नेपालनै हो भनी मान्नु पर्ने हुन आउँछ । तसर्थ त्यस्तो प्रकारको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने देखिदा शुरु कार्यालयबाट SWIFT समेतका सेवामा भएको भुक्तानीमा अग्रिम कर कट्टि रकम माग गर्ने गरी गरेको निर्णय मिलेकै देखिन आयो ।

(ख) दफा १२० (क) को शुल्क सम्वन्धमा–

पुनरावेदकले अग्रिम कर कट्टि गर्नु पर्ने रकम फरक परेको एवं अग्रिम कर कट्टि गर्न छुट भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको व्याज र दफा १२०(क) बमोजिम शुल्क लाग्न सक्दैन भनी जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा आयकर ऐन २०५८ को दफा ११९ को उपदफा (३) अनुसार अग्रिम कर कट्टि गरेको रकम वा अग्रिम कर कट्टि नगरेको भए पनि कट्टि गर्नु पर्ने समयमा सो कर कट्टि गरेको मानिने रकम भुक्तानी गर्नेले अग्रिम कर कट्टी वापतको रकम दाखिला नगरेमा व्याज लाग्ने देखिन्छ । कानूनमा भएको व्यवस्था विपरित अग्रिम कर कट्टि गर्नु पर्ने रकम नगरेमा वा कट्टि गर्न छुट भएमा व्याज लाग्न हुँदैन भनी पुनरावेदकले लिएको जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदकले लिएको दोस्रो जिकिर अग्रिम कर कट्टि गर्न छुट भएको वा दाखिला नभएको वा कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्न पर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हद सम्म शुरु निर्णय मिलेको देखिएन ।

(ग) महिला कर्मचारीलाई १० प्रतिशत छुटः–

महिला कर्मचारीहरुको तलवी बिबरणमा लाग्ने करमा १० प्रतिशतले घटी कर तिर्ने गरी सुविधा दिएकोलाई प्रत्यर्थिहरुले अमान्य गरी दम्पत्ति सुबिधा लिएका महिला कर्मचारिले उक्त सुविधा नपाउने भन्ने अर्थमा कर निर्धारण गरेको देखियो । ऐनको अनुसूचि-१ को दफा

१(११) मा महिला कर्मचारीको आयकरमा लाग्ने करमा १० प्रतिशतले छुट पाउने भन्ने स्पष्ट ब्यबस्था गरेको देखिन्छ । महिलाहरुमा उधमशिलता बृद्धिहोस र आत्मनिर्भरता कायम हुन सकोस भन्ने समेतको अभिप्रायः ले बिधायिकाले दिएको यसप्रकारको सुविधालाई अन्यथा अर्थ गरी कर सुविधाबाट बन्चित गर्नु बिशेष सँरक्षणको सँबैधानिक मान्यता तथा सम्बन्धित कानुनी ब्यबस्था बिपरित हुन जान्छ । आयकर निर्देशिका २०६६ (संशोधन २०६८) को पृष्ट १५४ मा उदाहरणसहित सो सुविधा दिन मिल्ने गाइडलाइन आन्तरिक बिभागबाट जारी भएको अवस्थामा लाग्ने करमा १० प्रतिशत छुटको सुविधा नपाउने भन्नु न्याय सँगत हुदैन । कानुनको सम्बन्धित दफाको प्रतिबन्धातत्मक वाक्याँशमा यो यस्तो अवस्थामा नपाउने भनी स्षस्ट रुपमा ब्यबस्था गरेको अवस्थामा बाहेक कानुनमा लेखिएको ब्यबस्थालाई अन्यथा अर्थ गरी अर्थात दम्पत्ति सुविधा लिएका महिला कर्मचारीहरुले थप १० प्रतिशत कर छुट नपाउने भन्ने अर्थ गरी सो सुबिधाबाट बन्चित हुने गरी भएको उक्त सम्बद्ध निर्णय कानुन, सद् विवेक र न्यायका मान्य सिद्धान्त प्रतिकूल भएको देखिन आयो ।

१८. अतः स्थायी लेखा नं. ५०००४९२५५ भएका पुनरावेदक करदाता बैंक अफ काठमाडौ लिमिटेड को आ.व. २०६७/०६८ को आयकर निर्धारणका सम्बन्धमा ATM, Locker, Generator लगायतका सम्पत्ति समूह (घ) कायम गर्ने गरी भएको निर्णय र अग्रिम कर कट्टि तर्फ महिला कर्मचारीको पारिश्रमिकमा आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १(११) अनुसार १० प्रतिशत छुट नदिई गरेको निर्णय एवं आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क लगाउने गरी भएको शुरू कार्यालयको मिति २०७१।१०।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०७३।१२।२ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिल बमोजिम गर्नु ।

<u>तपसील</u>

माथि ठहर खण्डमा पुनरावेदक करदाता बैंक अफ काठमाडौ लिमिटेड को आ.व. २०६७/०६८ को आयकर निर्धारणका सम्बन्धमा ATM, Locker, Generator लगायतका सम्पत्ति समूह (घ) कायम गर्ने गरी भएको निर्णय र अग्रिम कर तर्फ महिला कर्मचारीको पारिश्रमिकमा आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १(११) अनुसार १० प्रतिशत छुट नदिई गरेको निर्णय एवं आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क लगाउने गरी भएको शुरू कार्यालयको मिति २०७१।१०।२९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०७३।१२।२ मा भएको निर्णय

समेत सो हदसम्म केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू.................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू...२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू...३

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल बैशाख १७ गतेरोज ३ शुभम......